मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
**कलैया, बारा**

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

## मुल्य श्रृंखलामा आधारित व्यवसायिक केरा तथा फलफुल खेति प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धि विस्तृत सुचना।

**प्रथम पटक प्रकाशन मितिः- २०८२।०७।२० गते**

यस कृषि ज्ञान केन्द्र बाराको चालू आ.ब. २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम **मुल्य श्रृंखलामा आधारित व्यवसायिक केरा तथा फलफूल खेति प्रबर्द्धन कार्यक्रम** रहेकोले यस जिल्ला भित्रका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी हरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात (२०८२।०८।०४ गते सम्म) यस कार्यालयमा तोकीएको ढाँचामा आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारिका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ तथा आवेदनको ढाँचा यस कार्यालयको वेबसाईट **http/bara.akc.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

**आवश्यक कागजपत्रहरु**

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु. १० को हुलाक टिकट टाँस गरेको कार्यालयले निर्दिष्ट गरेको निवेदन
२. सम्बन्धित निकायमा समूह/सहकारी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा PAN दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. कृषक समूह/सहकारीहरुको हकमा कार्यक्रम माग सम्वन्धि निर्णय स्वंयम प्रमाणित गरी पेश गर्नुपर्नेछ र अख्तियारी पत्र समेत पेस गर्नुपर्नेछ।
५. आँप, लिचि र केराको लागि
   - ✓ कृषक समूह/सहकारीहरुको हकमा न्युनतम १० विघा र कृषक/कृषि उद्यमीको हकमा न्युनतम १ बिघाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलिपि अन्य फलफुलको हकमा न्युनतम १ बिघाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलिपि
६. नेपाली नागरिकताको प्रतिलिपी।
७. सम्बन्धित स्थानिय तहको सिफारिस
८. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्ष सम्म अनुदान नलियको स्व घोषणा पत्र।
९. माग गरेको योजनाको लागत इस्टिमेट कार्ययोजना श्रोत सुनिश्चितता र आफ्नो लगानि अनुपातको प्रतिवद्धता पत्र।

**अनुदानका शर्तहरु**

१. आँप लिचि र केराको लागि
   - ✓ कृषक समूह/सहकारीहरुको हकमा न्युनतम १० विघा र कृषक/कृषि उद्यमीको हकमा न्युनतम १ बिघा जग्गामा व्यवसायिक रुपमा फलफूल खेति गर्न ईच्छुक अन्य फलफूलको हकमा न्युनतम १ बिघा जग्गामा व्यवसायिक रुपमा फलफूल खेति गर्न ईच्छुक
२. कृषक/ कृषि उद्यमी/ कृषक समुह/ कृषि सहकारीको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण सवैमा आवेदन दिन सक्ने छ।
   क) उत्पादन तथा उत्पादकत्व बृद्धि कार्यक्रम
   - कृषि उत्पादन सामग्रीहरु (बेर्ना, कृषि चुन, बोर्डेक्स फेरोमोन पासो)
   - स्वचालित यन्त्र उपकरणहरु
   - ट्रेनिङ्ग प्रुनिङ्ग सम्बन्द्ध यन्त्र उपकरणहरु, पावर स्प्रेयर
   - साना सिचाई व्यवस्थापन
   - तालिम तथा क्षमता अभिबृद्धि

   ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम
   - हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण

   ग) बजार प्रवर्द्धन कार्यक्रम
   - ढुवानि साधन
   - संकलन/भण्डारण केन्द्र/कोल्ड च्याम्बर निर्माण
   - वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट

३. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुने
४. गत आ.व मा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्वन गरेका व्यवसायी खेति गर्ने वढी लागत सहभागिता भएको व्यक्ति/ संस्थालाई प्राथमिकता दिईनेछ।
५. रित नपुगेका, म्याद नाघेका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ
६. छोटो सुचिमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन।
७. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ।
८. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

राजनारायण प्र. साह
निमित प्रमुख